हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# जीतपुरसिमरा उपमहानगरपालिका

# जीतपुरसिमरा राजपत्र

खण्ड:५ | संख्याः २० | प्रमाणिकरण मितिः २०७९/१२/१२

## भाग १

## जीतपुरसिमरा उपमहानगरपालिका

## नगर प्रहरी ऐन, २०७९

प्रस्तावनाः

जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्रभित्र प्रचलित कानुन तथा समय समयमा हुने निर्णय, नियम, मापदण्ड तथा प्रशासनिक आदर्शहरुको कार्यान्वयनमा सहयोग र सहजिकरण गर्न, सार्वजनिक तथा नीजि सम्पत्तिको सुरक्षा र संरक्षण गरी उपमहानगरपालिकामा कानुनको शासन स्थापित गर्दै नागरिकलाई न्याय, सुरक्षा तथा व्यवस्थाको प्रत्याभुती गर्न, बजार क्षेत्रको प्रभावकारी व्यवस्थापन गर्न, उपमहानगरक्षेत्र भित्रका प्राकृतिका तथा सांस्कृतिक साधन स्रोत र सम्पदाको संरक्षण र सम्वर्धन गर्न तथा जुनसुकै बेला आउन सक्ने विपद र अन्य आकस्मिक घटनाहरुको तत्काल संवोधन र समन्वय गरी नागरिकको जीउ धनको सुरक्षा गर्दै उपमहानगरवासीलाई स्थानीय सरकारको अनभुती प्रदान गर्नको लागि नगर प्रहरीको गठन, सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा ५७(४) र २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(१) बमोजिम जीतपुरसिमरा उपमहानगरपालिकाको सातौं नगर सभाले यो ऐन बनाइ कार्यान्वयनमा ल्याएको छ ।

### परिच्छेद- एक

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

क) यस ऐनको नाम "नगर प्रहरी ऐन, २०७९" रहेको छ ।

ख) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा:

क) "ऐन" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको नगर प्रहरी ऐन, २०७९ लाई सम्झनु पर्दछ ।

ख) "नगरपालिका" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकालाई सम्झनु पर्दछ ।

ग) "सभा" भन्नाले उपमहानगरपालिकाको नगरसभा सम्झनु पर्दछ ।

घ) "प्रमुख" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

ङ) "उप-प्रमुख" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिको नगर उप-प्रमुखलाई सम्झनु पर्दछ ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन वा सो ऐन अन्तर्गत बनेको नियमद्वारा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

ज) "जवान" भन्नाले अधिकृत बाहेकका नगर प्रहरीको जवान सम्झनु पर्दछ।

झ) "नगर प्रहरी कर्मचारी" भन्नाले नगर प्रहरी अधिकृत र जवानलाई सम्झनुपर्छ ।

ञ) "स्थानीय सरकार" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकालाई सम्झनुपर्छ ।

ट) "नगर प्रहरी प्रमुख" भन्नाले उपमहानगरपालिकाको नगर प्रहरी सेवाको उपल्लो दर्जाको अधिकृतलाई सम्झनुपर्छ ।

## परिच्छेद- दुई

## नगर प्रहरी सेवा गठन, रेखदेख र नियन्त्रण

३. नगर प्रहरी सेवाको गठन:

(१) उपमहानगरपालिकामा एक नगर प्रहरी सेवा रहनेछ । नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीहरुको संख्या कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

(२) नगर प्रहरीको रेखदख, नियन्त्रण र निर्देशन गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतको हुनेछ । प्रमुख प्रशासकीय अधिकृतको र कार्यपालिकाको आदेश र निर्देशन पालन गर्नुपर्ने प्रत्येक नगर प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

४. उपमहानगरपालिकामा रहने नगर प्रहरीको पद र तह:

क. उपमहानगरपालिकामा रहने नगर प्रहरीको पद र तह कार्यपालिकाले तोके बमोजिमको हुनेछ ।

ख. उपमहानगरपालिकाले प्रत्येक पदको कार्य विवरण तयर गर्नेछ र त्यस्तो कार्य विवरणमा सम्वन्धित पदको काम, कर्तव्य, अधिकार र उत्तरदायित्व समेत उल्लेख गरिनेछ ।

ग. नगर प्रहरी प्रमुख समेत नगर प्रहरी कर्मचारीहरुको काम, कर्तव्य र अधिकार स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम हुनेछ । अन्य कार्यको हकमा कार्यपालिकालेतोके बमोजिम हुनेछ ।

## परिच्छेद- तीन

## नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

५. नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार: नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

क. नगरपालिकाको सम्पतिको सुरक्षा र संरक्षण,

ख. नगरपालिकामा हुने सभा समारोह, परम्परा तथा जात्रा, चाडपर्वको सुरक्षा, व्यवस्थापन,

ग. नगरपालिकाको बजार तथा पार्किङ्ग स्थल को रेखदख र व्यवस्थापन,

घ. नगरपालिकाको सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन,

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

ङ. न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन,

च. सार्वजनिक, ऐलानी र प्रति जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,

छ. विशेष गरी नगरपालिकाको वडा एरियाहरुमा हुने आगलागीका घटना नियन्त्रण गर्ने कार्यमा उपलब्ध जनशक्ति,दमकल र अन्य स्रोत साधन सहित तत्काल परिचालन हुने ।

ज. अन्य विपद व्यवस्थापन सम्बन्धी घटनाहरुमा परिचालन भई तत्काल खोजी, उद्धार, राहत तथा पुनःस्थापना कार्यमा सक्रिय भमिका निर्वाह गर्ने,

झ. अनाधिकृत विज्ञापन तथा होर्डिङ्ग बोर्ड नियन्त्रण,

ञ. छाडा पशु चौपायाको नियन्त्रण,

ट. अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पति अतिक्रमण रोकथाम तथा नियन्त्रण,

ठ. वडाको सुरक्षार्थ आवश्यक व्यवस्था मिलाउने,

ड. पर्यटन मैत्री हुन पर्ने,

ण. नगर प्रमुख र नगर उप-प्रमुखको सुरक्षाको जिम्मा,

त. कार्यपालिकाले तोकेको अन्य कार्य ।

## परिच्छेद- चार

## तह विभाजन र पदपूर्ति

६. पद सिर्जना तथा दरवन्दी खारेजः नगर प्रहरीको पद सिर्जना तथा दरवन्दी खारेज देहायबमोजिम हुनेछ ।

क) नगरपालिकामा रहने नगर प्रहरीको विभिन्न तहका दरवन्दीहरुको सिर्जना तथा खारेजी कार्यपालिकाले निर्णय गरेबमोजिम हुनेछ ।

ख) दरवन्दी सिर्जना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद सिर्जना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजदा दरवन्दीले थप गरेको कार्यबोझ सक्ने/नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

ग) आवश्यकता अनुसार कार्यपालिकाले निर्णय गरि प्रचलित कानुन बमोजिम संस्थागत सेवा करार मार्फत नगर प्रहरीको सेवा लिन सक्नेछ ।

घ) नगर प्रहरी पद स्थायी हुने छैन ।

७. नगर प्रहरीहरुको नियुक्ति हुने पदहरुः

(१) नगर प्रहरीको देहायका पदहरु खुल्ला प्रतियोगिताद्धारा पूर्तिगरी शुरु नियुक्ति हुनेछः

क) नगर प्रहरी निरीक्षक

ख) नगर प्रहरी सहायक निरीक्षक

ग) नगर प्रहरी जवान

घ) नगर प्रहरी सहयोगी

(२) बढुवाको लागि उम्मेदवार हुन चाहिने सेवा अवधिः

१) नगर प्रहरी सेवाको खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति नहुने रिक्त पदमा बढुवाद्वारा पदपूर्ति हुने पदको उम्मेदवार हुन बढुवा हुने श्रेणी वा तहभन्दा एक श्रेणी वा तह मुनिको पदमा देहाय वमोजिमको न्युनतम सेवा अवधि पुरा भएको हुनुपर्छ।

(क) नगर प्रहरी सेवाको नगर प्रहरी सहायक निरीक्षक पदबाट प्रहरी निरीक्षक पदमा बढुवा हुनका लागि ८ (आठ) वर्ष

(ख) अन्य नगर प्रहरी पदका लागि ५ (पाँच) वर्ष ।

(३) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि नगर प्रहरीको पद र संख्या उपमहानगरपालिकाको अधिकृत दरबन्दी तेरिज अनुसार नै हुनेछ ।

८. नियुक्ति गर्ने अधिकारीः पदपूर्ति समितिको सिफारिसमा छनौट भएका नगर प्रहरीलाई प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति गर्नेछ ।

९. खुल्ला प्रतियोगितामा भाग लिन सक्ने व्यक्तिहरुः नगर प्रहरीको खुल्ला प्रतियोगितामा देहाय बमोजिमको योग्यता पुगेका व्यक्ति उमेदवार हुन पाउने छनः

क) नगर प्रहरी निरीक्षक पदको लागि हुने खुल्ला प्रतियोगिताको योग्यता अनुसुची-१ बमोजिम हुनेछ ।

ख) नगर प्रहरी सहायक निरीक्षकको पदको लागि हुने खुल्ला प्रतियोगिताको योग्यता अनुसुची-२ बमोजिम हुनेछ ।

ग) नगर प्रहरी जवान लागि हुने खुल्ला प्रतियोगिताको योग्यता अनुसुची-३ बमोजिम हुनेछ ।

घ) नगर प्रहरी सहयोगी पदको लागि हुने खुल्ला प्रतियोगिताको योग्यता अनुसुची-४ बमोजिम हुनेछ ।

१०. पदपूर्ति समितिः

(१) कार्यालयमा तपसिल बमोजिमको एक पदपूर्ति समिति गठन हुनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत- संयोजक

ख) आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य

ग) जनस्वास्थ्य प्रवर्धन शाखा प्रमुख- सदस्य

घ) प्रहरी नायव उपरिक्षक वा सो भन्दा माथिको वहालवाला वा सेवा निवृत्त मध्येबाट प्रमुख प्रशासकीय अधिकृतले तोकेको एक जना- सदस्य

ङ) प्रशासन तथा जनशक्ती व्यवस्थापन महाशाखा/शाखा प्रमुख- सदस्य-सचिव

(२) नगर प्रहरीहरुको नयाँ पदपूर्तिका लागि छनौट प्रकृयामा आवश्यक्ता अनुसार विषय विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) यस ऐनमा अन्य जुनसुकै कुरा लेखिएको भएतापनि नगर प्रहरी छनौट तथा सिफारिस सम्बन्धी सम्पूर्ण कार्यहरु पदपूर्ति समितिले गर्नेछ ।

११. पदपूर्ति समितिको काम, कर्तव्य र अधिकारः पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) दफा ७ बमोजिम पदपूर्तिको लागि प्रतिशत निर्धारण गर्ने ।

ख) खुल्ला प्रतियोगिताको लागि पाठ्यक्रम निर्धारण गर्ने ।

ग) पदपूर्ति कार्यतालिका बनाउने ।

घ) परीक्षाको किसिम तोक्ने ।

ङ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने ।

च) परीक्षा संचालन तथा नतिजा प्रकाशन गर्ने ।

छ) नियुक्तीका लागि सिफारिस गर्ने ।

ज) लोकसेवा आयोगबाट स्वीकृत प्रहरी सेवाको पदमा नियुक्ती र बढुवा गर्दा अपनाउन पर्ने सामान्य सिद्धान्तमा पदपूर्ति समितिले गर्नेभनी तोकिएका पदपूर्तिसँग सम्बन्धीत अन्य कार्य गर्ने ।

झ) पदपूर्ति समितिले नगर प्रहरी सेवा समूहको लागि खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधि बनाउने निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ ।

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

१२. योग्यताक्रम सूची तयार गर्नेः उमेदवारहरुको योग्यताक्रम, वैकल्पिक उमेदवारको सूची प्रका[illegible] देहायबमोजिम हुनेछः

क) उम्मेदवारहरुलेप्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्तिका लागि सिफारिस पेश गर्नेछ । कुल रिक्त पदको बढीमा १५ प्रतिशत सम्म योग्यताक्रमानसार वैकल्पिक उम्मेदवार राखिनेछ ।

ख) सिफारिस गरिएका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियूक्ति गर्ने अधिकारी समक्ष नियूक्तिका लागि पेश गर्नेछ ।

ग) नियुक्तिको लागि सिफारिस भएको मितिले पैतीस (३५) दिनभित्र कार्यपालिकाले नियुक्ति दिने निर्णय गरी सक्नु पर्नेछ।

घ) निर्णय भएको मितिले सात (७) दिन भित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति पत्र दिनु पर्नेछ ।

ङ) वैकल्पिक उम्मेदवारहरुले छ महिनासम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ ।

१३. ज्येष्ठताक्रम कायम गर्नेः ज्ष्ठताक्रम निर्धारण गर्दा देहायबमोजिम हुनेछः

क) नगर प्रहरी निरीक्षक र नगर प्रहरी सहायक निरीक्षकको ज्येष्ठताक्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्त गरेको अंकको आधारमा कायम गरिनेछ ।

ख) बहालवाला नगर प्रहरीको हकमा पदपूर्ति समितिले सिफारिस गरेको योग्यताक्रमलाई नै ज्येष्ठताक्रम मानिनेछ ।

१४. परीक्षणकालमा राखिनेः नयाँ नियुक्ति गरिएका नगर प्रहरी कर्मचारीलाई तिन (३) महिनाको परीक्षणकालमा राखिनेछ। सो अवधिमा नगर प्रहरी कर्मचारीले सन्तोषजनक काम नगरेमा नगर कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले करार भंग गर्न सक्नेछन ।

१५. नियुक्ति सदरः परीक्षण कालमा रहको नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक भएमा र आधारभूत तालिममा उत्तीर्ण भएमा नेपालको राष्ट्रिय झण्डा सामु उपमहानगरपालिकामा शपथ ग्रहण गराई प्रमुख प्रशासकीय अधिकृतबाट नियुक्ति सदर गरिनेछ ।

## परिच्छेद- पाँच

## आचरण

१६. दान उपहार लिन नहुनेः नगर प्रहरीले उपमहानगरपालिकाको पूर्व स्वीकृती विना स्वदेशी तथा विदेशी संघ संस्था, निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बकस, पुरस्कार,कोसेली र उपहार स्वीकार गर्नु हुँदैन ।

१७. चन्दा लिन नहुनेः कुनै नगर प्रहरी कर्मचारीले उपमहानगरपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुँदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन ।

१८. सम्पत्तिको विवरण पेश गर्नुपर्नेः नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन (३) महिना भित्र तोकिएको ढाँचामा सम्पत्ति विवरण दाखिला गर्नु पर्नेछ ।

१९. व्यापार व्यवसाय गर्न नहुनेः नगर प्रहरी कर्मचारीले कार्यालयको पूर्व स्वीकृती बेगर कुनै पनि व्यापार व्यवसाय गर्नु हुँदैन।

२०. कर्तव्य पालनाको शिलशिलामा जानकारीमा आएका कुराहरु प्रकाशन गर्न नहुनेः नगर प्रहरी कर्मचारीले उपमहानगरपालिकाद्धारा अथवा विशष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैहसरकारी संघ संस्थाबाट प्राप्त गरेका वा आफैले लेखको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट यस ऐन बमोजिमको अधिकार प्राप्त व्यक्ति बाहेक अन्य व्यक्ति वा संस्थालाई जानकारी गराउन हुँदैन ।

२१. रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुनेः

१) नगर प्रहरी कर्मचारीले उपमहानगरपालिकाको अनमुति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा

काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्वारा प्रसारण गर्न हुँदैन । तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृती लिईरहनु पर्दैन ।

२) उपदफा (१) बमोजिमको प्रकाशन वा प्रशारण पश्चात आफ्नो संगठनलाई सोको पूर्ण विवरण बारे जानकारी गराउनु पर्छ ।

२२. उपमहानगरपालिकाको आलोचनाः नगर प्रहरी कर्मचारीले उपमहानगरपालिकाको नीतिको विपरित अथवा महानगरपालिका र महानगरपालिकामा आच आउने गरी विचार व्यक्त गर्ने, सम्वाद, लेख रचना प्रकाशन गर्ने गर्नु हुँदैन ।

२३. निर्वाचनमा भाग लिन नहुनेः नगर प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको निर्वाचनमा भाग लिन वा मत माग्न वा कुनै प्रकारले प्रभाव पार्न हुँदैन । तर कसैलाई मत दिएको वा दिनेविचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुनबमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्नेछैन ।

२४. राजनीतिमा भाग लिन नहुनेः नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई सहयोग गर्न हुँदैन।

२५. समय पालन र नियमितताः नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र स्वीकृत गराएर मात्र विदामा बस्नु पर्नेछ ।

२६. अनुशासन र आज्ञापालनः नगर प्रहरीको अनुशासन र आज्ञापालन देहायबमोजिम हुनेछः

क) नगर प्रहरी कर्मचारीले अनुशासित भई तत्परताका साथ आफ्नो कर्तव्य पालना गर्नुपर्नेछ ।

ख) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको कामसम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आदेश लाई पालना गर्नु पर्नेछ ।

ग) नगर प्रहरी कर्मचारीले chain of command मा रही कार्यसम्पादन गर्नु पर्नेछ ।

२७. बाहिरी प्रभाव पार्न नहुनेः नगर प्रहरी कर्मचारीले कार्यसम्पादनको सिलसिलामा कुनै अनुचित प्रभाव पार्न वा पार्ने प्रयत्न गर्न हुँदैन ।

२८. लैंगिक संवेनशिल हुनु पर्नेः कुनै पनि नगर प्रहरी कर्मचारी लैंगिक संवेदनशिल रहनु पर्नेछ ।

२९. हातपात वा जोरजुलुम गर्न नहुनेः कुनै पनि नगर प्रहरी कर्मचारीले आफुभन्दा माथिल्लो वा मातहत नगर प्रहरी कर्मचारीउपर हातपात वा कुनै प्रकारको आक्रमण वा जोरजुलुम गर्न वा गराउन हुँदैन ।

## परिच्छेद- छ

## सजाय र पुनरावेदन

३०. सजायः मनाशिव माफिकको आधार प्रमाण भएमा नगर प्रहरी कर्मचारीलाई दहायको सजाय हुन सक्नेछ ।

क) शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने ।

ख) नसिहत दिने ।

ग) तलव वद्धि वा पदोन्नति रोक्का गर्ने ।

घ) लापरवाहीको कारण उपमहानगरपालिकालाई हानी नोक्सानी भएको ठहर भएमा विगो बमोजिमको रकम असुल उपर गरिनेछ ।

ङ) एक तह तलको पदमा घटुवा गर्ने ।

च) भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

छ) भविष्यमा स्थानीय तहमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

३१. नसिहत दिने वा प्रतिकूल राय लेख्नेः नगर प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सकिनेछ। दुई पटक सम्म नसिहत दिँदा पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ ।

३२. तलब वृद्धि वा पदोन्नति रोक्नेः नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नति रोक्का गर्न सक्नेछ ।

३३. दर्जा र तलब घटाउनेः कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने र उपमहानगरपालिकालाई हानि नोक्सानी पुर्याएकोमा सो समेत निजबाट भराउन सक्नेछ ।

क) सन्तोषजनक काम नगरेमा ।

ख) अनुशासनहीन व्यवहार प्रदर्शन गरेमा ।

ग) आचरण उल्लंघन गरेमा ।

घ) मनाशिव कारण नभई नियुक्ति भएको एक वर्षभित्रै नोकरीबाट अलग हुन कारण झठ्ठा देखाएमा ।

ङ) आदेश निर्देशन पालना नगरेमा वा कार्यान्वयन नगरेमा ।

च) मनासिब कारण नभई वा विदा नलिई विदा बसेकोमा वा गैर हाजिर भएमा ।

छ) लापरवाही गरेमा वा नियम आदशको पालना नगरेमा ।

३४. सजाय सम्बन्धी कार्यविधिः नगर प्रहरीको सजाय सम्बन्धी कार्यविधि देहायबमोजिम हुनेछः

क) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ।

ख) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम वा अन्य कुनै अधिकृतद्धारा जाँचबुझ गराउन सक्नेछ । जाँचबुझ गर्ने अधिकारीले आवश्यकतानसार सम्बन्धित नगर प्रहरी कर्मचारी समेत बझ्री कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नुर्नेछ ।

ग) कुनै फौजदारी अभियोगमा पुर्पक्षको लागि थुनामा रहेको नगर प्रहरी कर्मचारी पुर्पक्षको अवधिभर स्वतः निलम्बित हुनेछ ।

घ) दफा ३५ बमोजिम सजायको प्रकृया अवलम्बन गर्नुपूर्व नगर प्रहरी कर्मचारीलाई सफाइको मौका दिनपुर्नेछ ।

ङ) फौजदारी अभियोग लागेको नगर प्रहरी कर्मचारीले अभियोगबाट सफाई पाएमा निज पूर्ववतः सेवा सविधा पाउनेछ।

३५. सजायको आदेश जाँचवुझको लागि दिनेः काम समाप्त भएपछि सम्बन्धित नगर प्रहरी कर्मचारीलाई निजसंग स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टिकरण चित्त बुझ्दो नभएमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजाय आदेशको एक प्रति निजलाई उपलव्ध गराउनपुर्नेछ ।

## परिच्छेद- सात

## पोशाक

३६. नगर प्रहरी पोशाकः नगर प्रहरीको पोशाकको रंग, किसिम र अन्य विवरण नगरपालिकाले तोके बमोजिम हुनेछ ।

३७. प्रारम्भिक पोशाक र सामानः नगर प्रहरी कर्मचारीलाई कार्यपालिकाले तोकिए बमोजिमको पोशाक र सामान उपलव्ध गराइनेछ ।

३८. जाडो मौसमका लागि दिइने पोशाकः प्रत्येक नगर प्रहरी कर्मचारीलाई जाडो मौसमको लागि पोशाक कार्यालयले उपलव्ध गराउनेछ ।

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

३९. सेरेमोनियल पोशाकः अधिकृत कर्मचारीहरुलाई सेरेमोनियल पोशाकको लागि तोकिएको रकम उपलब्ध गराइनेछ ।

४०. तयारी पोशाकको सुविधाः नगर प्रहरी कर्मचारीलाई तोकिए बमोजिमको तयारी पोशाक उपलव्ध गराइनेछ ।

## परिच्छेद-आठ

## तलव, सेवा सुविधा, विदा र अवकाश

४१. तलव स्केल तथा सेवा सुविधाः

(१) नगर प्रहरी कर्मचारीहरुको तलव स्केल तत् तत् पदमा नेपाल सरकारले तोके भन्दा नबढ्ने गरी कायम हुनेछ ।

(२) नगर प्रहरी कर्मचारीहरुको अन्य सेवा सुविधा नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

४२. विदाः

(१) नगर प्रहरी कर्मचारीहरुले देहाय बमोजिको विदा पाउनेछन्।

(क) भैपरी/पर्व विदा

(ख) विरामी विदा

(ग) किरिया विदा

(घ) प्रसुती विदा

(ङ) प्रसुती स्याहार विदा

(२) उपदफा (१) बमोजिमको विदा नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा दावी गर्न पाउने छैन ।

(३) कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफ्नो तजबीजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ साथै आवश्यक परेमा विदामा बसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

४३. विदा नलिई घर बस्ने नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउनेः (१) विदा स्वीकृत नगराई नगर प्रहरी कर्मचारी गैर हाजिर हुन पाउने छैन ।

(२) उपदफा (१) को उल्लंघन गरी गैर हाजिर हुने नगर प्रहरी कर्मचारीलाई नगरपालिकाले सेवाबाट हटाउन सक्नेछ ।तर कारणबस विदा स्वीकृत गराउन नसकी विदा बसी पछि सो गैर हाजिर भएको अवधिको लागि विदाको निवेदन गरी सो विदा स्वीकृत भएमा यो दफा उल्लंघन गरेको मानिने छैन ।

४४. भैपरी/पर्व विदाः

(१) नगर प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिनमा नबढाई भैपरी/पर्व विदा पाउनेछ ।

(२) भैपरी/पर्व विदा साधारणत एक पटकमा २ दिनमा नबढाई लिन पाइनेछ ।

(३) भैपरी/पर्व विदा स्वीकृत गराउन नभ्याएमा विदा बसेपछि स्वीकृत गराए पनि हुन्छ । तर सोको मैखिक जानकारी विदा स्वीकृत गराउने अधिकारीलाई दिनु पर्छ ।

(४) भैपरी/पर्व विदा बसेका नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता लगायत अन्य सुविधा पाउनेछ ।

(५) भैपरी/पर्व विदा शनिवार वाहेक अरु विदाहरुसँग मिलाई लिन पाइने छैन ।

४५. विरामी विदाः

(१) आफ्नो पदको कर्तव्य पालन गर्दा चोटपटक लाग्न गई वा विरामी भई अस्पतालमा भर्ना भई उपचार गराउँदा सम्बन्धित चिकित्सकले काम गर्न नसक्ने भनि गरेको सिफारिस बमोजिम लाग्ने दिन बाहेक प्रत्येक नगर प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिनमा नबढाई विरामी विदा पाउनेछ ।

(२) विरामी विदा साधारणत एक पटकमा सात दिनमा नबढाई लिन पाइनेछ । सात दिनभन्दा बढी अवधिको विरामी विदा माग गर्ने नगर प्रहरी कर्मचारीले स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गर्नुपर्नेछ । तर यस्तो प्रमाणपत्र पेश गर्न

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

साधारणतया सम्भव छैन भने विदा दिने अधिकारीलाई विश्वास भएमा निजले सो व्यहोरा खुलाई [illegible] दिन सक्नेछ ।

(३) नगर प्रहरी कर्मचारीलाई बढीमा बाह्र दिनसम्मको पेश्की विदा दिन सकिनेछ ।

(४) उपदफा (३) बमोजिम पेश्की बिरामी विदा लिने नगर प्रहरी कर्मचारीको मृत्यु भएमा त्यसरी पेश्की लिएको विरामी विदा स्वतः मिनाहा हुनेछ ।

(५) विरामी विदा बसेका नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता लगायत अन्य सुविधा पाउनेछ ।

(६) निलम्वनमा रहेको नगर प्रहरी कर्मचारीले सो अवधिभरको कुनै विरामी विदा, तलब, भत्ता लगायत अन्य सुविधा पाउने छैन । तर सफाई पाएमा निलम्वन अवधिको पुरा तलब, भत्ता लगायत अन्य सुविधा पाउनेछ ।

४६. किरिया विदाः

(१) नगर प्रहरी कर्मचारी आफै किरियामा बस्नु परेमा कुल धर्म अनुसार बढीमा १५ दिन किरिया विदा पाउनेछ । यस्तो विदा महिला नगर प्रहरी कर्मचारीको पतिले किरिया बस्नुपरेमा त्यस्तो महिला कर्मचारीलाई दिईनेछ ।

(२) किरिया विदा बसेका नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता लगायत अन्य सुविधा पाउनेछ ।

४७. प्रसूती विदाः

(१) महिला नगर प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी ६० दिन प्रसूती विदा पाउनेछ ।

(२) प्रसूती विदा बसेका नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता लगायत अन्य सुविधा पाउनेछ ।

(३) प्रसूती विदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ ।

४८. प्रसूती स्याहार विदाः

(१) प्रसूती स्याहार विदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ ।

(२) पुरुष नगर प्रहरी कर्मचारीको पत्नी सुत्केरी हुने भएमा त्यस्तो कर्मचारीले सुत्केरी हुनुभन्दा अघि वा पछि गरी पन्ध्र दिन प्रसूती स्याहार विदा लिन सक्नेछ । यो विदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ ।

(३) प्रसूती स्याहार विदा बसेका नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता लगायत अन्य सुविधा पाउनेछ ।

४९. सट्टा विदाः कुनै पनि सार्वजनिक विदाको दिन ड्यूटी गर्ने नगर प्रहरी कर्मचारीलाई आलोपालो मिलाई सम्बन्धित कार्यालय प्रमुखले सट्टा विदा दिन सक्नेछ । तर यस्तो सट्टा विदा एकपटकमा सात दिनभन्दा बढी हुने छैन ।

५०. विदा माग गर्ने विधिः

(१) विदाको निकासाका निमित्त नगर प्रहरी कर्मचारीले आफूँलाई चाहिएको विदाको अवधि र कारण खुलाई आफ्नो कार्यालय मार्फत विदा दिने अधिकारी समक्ष निवेदन पेश गर्नु पर्नेछ र विदा दिने अधिकारीले पनि विदा स्वीकृत वा अस्वीकृत भएको सूचना सो नगर प्रहरी कर्मचारीलाई दिनु पर्नेछ ।

(२) देहायको अवस्थामा विदा दिने अधिकारीलाई चित्त बुझेमा निजले निवेदनको मिति भन्दा अघिको मितिबाट विदा स्वीकृत गर्न सक्नेछ ।

(क) विदा दिने अधिकारीको पूर्व स्वीकृती लिन सम्भव थिएन भन्ने,

(ख) पूर्व स्वीकृती प्राप्तिको लागि निवेदकले सकभर प्रयास गरेको थियो भन्ने ।

५१. विदा दिने अधिकारीः

(१) देहायको विदा स्वीकृत गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछ । विदाको किसिम विदा स्वीकृत गर्ने अधिकारी

भैपरी आउने र पर्व विदा - नगर प्रहरी प्रमुख ,

विरामी विदा - प्रमुख प्रशासकीय अधिकृत

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

किरिया विदा - प्रमुख प्रशासकीय अधिकृत

प्रसूती/प्रसूती स्याहार विदा - प्रमुख प्रशासकीय अधिकृत

(२) नगर प्रहरी प्रमुखलाई विदा चाहिएमा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गर्नेछ ।

५२. सार्वजनिक विदा गाभिनेः भैपरी आउने र पर्व विदा वाहेक अरु कुनै प्रकारको विदा लिई बसेको नगर प्रहरी कर्मचारीले सो विदा भुक्तान हुँदा सार्वजनिक विदा पर्न गएमा र सार्वजनिक विदा पछि कार्यालयमा हाजिर नभएमा सो सार्वजनिक विदाको अवधि पनि निज कर्मचारीले लिएको विदा वा सो विदा बाँकी नभएमा लिन पाउने अरु विदामा वसेको मानिनेछ ।

५३. कार्यालयमा अनुपस्थित हुने उपर कारवाहीः विदा नलिई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल र तलवकट्टी गरी सेवाबाट हटाउन समेत सकिनेछ ।

५४. अनिवार्य अवकाशः नगर प्रहरी कर्मचारीहरुको अवकाश ५८ वर्ष उमेर पुगेपछि वा निजको सेवा अवधि ३० वर्ष पूरा भएपछि निजलाई सेवाबाट अवकाश दिइनेछ ।

## परिच्छेद-नौ

## विविध

५५. पुरस्कार तथा प्रोत्साहनः उपमहानगरपालिकाका पदाधिकारीहरुले आफु र मातहतका कर्मचारीहरूले कर्तव्य पालनको सिलसिलामा उल्लेखनीय प्रसंशनीय कार्य गरेमा त्यस्तो नगर प्रहरी कर्मचारीहरुलाई पुरस्कार तथा प्रोत्साहन स्वरुप रकम वा अन्य सुविधा उपलब्ध गराउन सकिनेछ ।

५६. चाडपर्व खर्च पाउनेः नगर प्रहरी कर्मचारीले वर्षमा एक पटक खाईपाई आएको एक महिनाको तलब बराबरको रकम चाडपर्व खर्चको रुपमा पाउनेछ ।

५७. बाधा अड्काउ फुकाऊः नगर प्रहरी कर्मचारीहरुको सेवा, शर्त, सुविधा र संचालन यस ऐन मा व्यवस्था भएकोमा यसै ऐन बमोजिम हुनेछ । यस ऐनमा व्यवस्था नभएका विषयहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

५८. नियम, निर्देशिका,कार्यविधि र मापदण्ड बनाउने अधिकारः यस ऐनको कार्यान्वयन गर्नको लागि कार्यपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र आचारसंहिता बनाई लागू गर्न सक्नेछ ।

५९. ऐन संशोधनः यस ऐनमा आवश्यक संशोधन उपमहानगरपालिकाको नगर सभाले गर्न सक्नेछ ।

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-१
(दफा ९ (क) बमोजिम)

नगर प्रहरी निरीक्षक पदको लागि आवश्यक न्यूनतम योग्यता:

क) दरखास्त फारम दर्ता गर्ने अन्तिम मितिसम्म २१ वर्ष उमर पुगेको र २५ वर्ष ननाघको । तर खुल्ला प्रतियोगितामा भाग लिने वहालवाला नगर प्रहरीको हकमा ३५ वर्ष ननाघेको ।
ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातक वा सो सरह उत्तीर्ण गरेको ।
ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।
घ) कुनै राजनीतिक दलको सदस्य नरहेको ।
ङ) मानव अधिकार र मानवीय कानुनको उल्लंघनमा सजाय नपाएको ।
च) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाति ३१-३३ , तौल ५० के.जी. भएको ।
छ) महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल ४२ के.जी. भएको ।
ज) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।
झ) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको ।
ञ) नेपाली नागरिकता प्रमाणपत्र भएको ।
ट) विध्वंशात्मक कार्यमा संलग्न नरहको ।
ड) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरि नोकरी बाट वर्खास्त नभएको ।

यस अनसुची १ (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारको सरक्षा निकायबाट सेवा निवृत भइसकेकाको हकमा ४१ वर्ष उमेर ननाघेको हुनपर्नेछ ।

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-२
(दफा ९ (ख) बमोजिम)

नगर प्रहरी सहायक निरीक्षकको पदको लागि आवश्यक न्यूनतम योग्यताः

क) दरखास्त फारम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमर पुगेको र २४ वर्ष ननाघेको । वहालवाला नगर प्रहरीको हकमा पुरुषको हकमा ३५ वर्ष, महिलाको हकमा ४० वर्ष ननाघेको ।

ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको ।

ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

घ) कुनै राजनीतिक दलको सदस्य नरहेको ।

ङ) मानव अधिकार र मानवीय कानुनको उल्लंघनमा सजाय नपाएको ।

च) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाति ३१-३३ , तौल ५० के.जी. भएको ।

छ) महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल ४२ के.जी. भएको ।

ज) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

झ) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको ।

ञ) नेपाली नागरिकता प्रमाणपत्र भएको ।

ट) विध्वंशात्मक कार्यमा संलग्न नरहेको ।

ड) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरि नोकरी बाट बर्खास्त नभएको ।

यस अनसुची २ (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारको सुरक्षा निकायबाट सेवा निवृत भइसकेकाको हकमा ४० वर्ष उमर ननाघेको हुपुर्नेछ ।

हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची- ३
(दफा ९ (ग) बमोजिम)

नगर प्रहरी जवान पदको लागि आवश्यक न्यूनतम योग्यताः

क) दरखास्त फारम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमर पुगेको र २३ वर्ष ननाघेको ।
ख) कम्तिमा १० कक्षा वा सो सरह उत्तीर्ण गरेको ।
ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।
घ) कुनै राजनीतिक दलको सदस्य नरहेको ।
ङ) मानव अधिकार र मानवीय कानुनको उल्लंघनमा सजाय नपाएको ।
च) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाति ३१-३३ , तौल ५० के.जी. भएको ।
छ) महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल ४२ के.जी. भएको ।
ज) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।
झ) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको ।
ञ) नेपाली नागरिकता प्रमाणपत्र भएको ।
ट) विध्वंशात्मक कार्यमा संलग्न नरहेको ।
ड) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरि नोकरी बाट वर्खास्त नभएको ।
ढ) यस अनुसूचीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि उपमहानगरपालिकामा कार्यरत कर्मचारीहरु नगर प्रहरीतर्फ समायोजन हुँदा ३० वर्ष उमेर ननाघेको तथा शैक्षिक योग्यता ८ कक्षा भएको हुनु पर्नेछ ।

यस अनसूची ३ (क) मा जूनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारको सरक्षा निकायबाट सेवा निवृत भइसकेकाको हकमा ३७ वर्ष उमेर ननाघेको हुनुपर्नेछ ।

अनुसूची-४
(दफा ९ (घ) बमोजिम)

नगर प्रहरी सहयोगी पदको लागि आवश्यक न्यूनतम योग्यताः

क) दरखास्त फारम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमर पुगेको र २५ वर्ष ननाघको ।

ख) कम्तिमा ८ कक्षा वा सो सरह उत्तीर्ण गरेको ।

ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

घ) कुनै राजनीतिक दलको सदस्य नरहको ।

ङ) मानव अधिकार र मानवीय कानुनको उल्लंघनमा सजाय नपाएको ।

च) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाति ३१-३३ , तौल ५० के.जी. भएको ।

छ) महिलाको हकमा घटीमा उचाई ५ फिट र तौल ४२ के.जी. भएको ।

ज) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

झ) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाणपत्र प्राप्त गरेको ।

ञ) नेपाली नागरिकता प्रमाणपत्र भएको ।

ट) विध्वंशात्मक कार्यमा संलग्न नरहेको ।

ड) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरि नोकरी बाट वर्खास्त नभएको ।

ढ) यस अनुसूचीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि उपमहानगरपालिकामा कार्यरत कर्मचारीहरु नगर प्रहरी तर्फ समायोजन हुँदा ३५ वर्ष उमेर ननाघेको तथा शैक्षिक योग्यता सामान्य लेखपढ भएको हुनु पर्नेछ ।

यस अनूसुची ४ (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारको सुरक्षा निकायबाट सेवा निवृत भइसकेकाको हकमा ४५ वर्ष उमेर ननाघेको हुनुपर्नेछ ।

आज्ञाले,
हरिलाल पुरी
प्रमुख प्रशासकीय अधिकृत